# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं, पुस २ गते, २०६९ साल (संख्या ३७

## भाग ३

**नेपाल सरकार**

**शिक्षा मन्त्रालयको सूचना**

### शिक्षक सेवा आयोग (सातौँ संशोधन) नियमावली, २०६९

शिक्षक सेवा आयोग नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "शिक्षक सेवा आयोग (सातौँ संशोधन) नियमावली २०६९" रहेको छ ।



(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम १२ मा संशोधनः** शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम १२ को उपनियम (१) पछि देहायका उपनियम (१क) र (१ख) थपिएका छन्-

"(१क) आयोगले शिक्षक नियुक्तिलाई व्यवस्थित गर्न विभिन्न चरणमा विज्ञापन गर्न सक्नेछ ।

(१ख) उपनियम (१क) बमोजिम विज्ञापन गर्दा आयोगले पहिलो चरणमा नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा संवत् २०६३ साल वैशाख ११ गतेदेखि रिक्त रहेको शिक्षक पदको विज्ञापन गर्न सक्नेछ ।"

**आज्ञाले,**

**सुरेश मान श्रेष्ठ**

**नेपाल सरकारको सचिव**